CIVIC ACTION TEAMS

Coronavirus CivActs Campaign presents

# FAIR FACTS

अंक ११०

३१।०२।२०७८



## काठमाण्डौको ग्राण्डी अन्तरराष्ट्रिय अस्पतालमा कोभिड - १९ विरुद्ध खोप लगाउन लागेको भिड ।

*तस्विर: बिकिन घिमिरे*




६० देखी ६४ वर्ष उमेर समुहका व्यक्तिलाई लगाउने भनिएको खोप ६२ वर्ष देखी ६४ वर्ष उमेर समुहले मात्र पाए ।

*थप विवरणहरुको लागि यहाँ क्लिक गर्नुहोस्*

## यस अंक भित्र

**सरकारले कोभिडका बिरामीको उपचार नि:शुल्क भन्छ, अस्पतालले शुल्क नभरी उपचार गर्दैन**

सशुल्क सेवा लिने भनी लिखित रुपमा मञ्जुरीनामा दिएमा मात्र सम्बन्धित अस्पतालले शुल्क लिन पाउँछन् ।

**कोभिड हिरो डा. गगनराज चौधरी**

दिनको १० जना बिरामी नआउने स्वास्थ्य केन्द्रमा अहिले दैनिक १५० भन्दा बढी बिरामी आइरहेकाछन् ।

**लकडाउनमा स्वास्थ्यकर्मी द्वारा पारिश्रमिक, भत्ता र सुरक्षा माग गर्दै विरोध**

१४ मार्च, २०२० मै स्वास्थ्यकर्मीलाई प्रोत्साहन गर्ने योजना बनाएको देखिन्छ ।

# फ्याक्ट सिट

## कोभिड - १९ विरुद्ध लड्न सरकारले विनियोजन गरेको बजेट

### प्रत्यक्ष रुपमा कोभिडसँग सम्बन्धित

भेन्टिलेटर, टेष्ट किट, आईसियु र एचडियु उपकरणहरु खरिद गर्न
**रु. ४ अर्ब**

खोप व्यवस्थापन गर्न
**रु. २६ अर्ब ७५ करोड**

कोरोना रोकथाम, नियन्त्रण तथा उपचारमा बिनियोजित रकम
**रु. ३७ अर्ब ५३ करोड**

काठमाण्डौमा ३०० बेड क्षमता र हरेक प्रदेशमा ५० बेड क्षमताको संक्रमक रोग अस्पताल निर्माण गर्न
**रु. १ अर्ब ३० करोड**

स्थानीय तहमा ५, १० र १५ बेडका अस्पताललाई सहयोग गर्न
**रु. ६ अर्ब १५ करोड**



### अप्रत्यक्ष रुपमा कोभिडसँग सम्बन्धित

नियमित स्वास्थ्य कार्यक्रम अन्तरगत नि:शुल्क औषधीका लागि
**रु.५ अर्ब ६० करोड**

हाल सञ्चालनमा रहेका विशिष्टिकृत अस्पतालको क्षमता विकास गर्न
**रु. २ अर्ब २० करोड**

स्वास्थ्य बीमा कार्यक्रमका लागि
**रु. ७ अर्ब ५० करोड**



आ.व. २०७८/७९ को जम्मा बजेट
**रु. १६ खर्ब ४७ अर्ब**

प्रत्यक्ष रुपमा कोभिडसँग सम्बन्धित बजेट प्रतिशतमा : **४.६%**

अप्रत्यक्ष रुपमा कोभिडसँग सम्बन्धित बजेट प्रतिशतमा : **०.९२%**

आ.व. २०७८/७९ को बजेट विशेष गरेर कोभिड - १९ को असरलाई मध्यनजर गरेर विनियोजन गरिएको छ । त्यसैले पनि आवश्यकता अनुसार स्वास्थ्य क्षेत्रको कुल बजेटमा बृद्धी गरिएको छ । सरकारले कुल बजेटको २.२% कोरोना नियन्त्रण र उपचाको लागि छुट्याएको छ भने, १.६% बजेट खोप व्यवस्थापनका लागि छुट्याएको छ । अहिलेको महामारीबाट सामान्य अवस्थामा फर्किन सरकारको यो कदम सकारात्मक छ । त्यसै गरेर, अस्पतालहरु स्थापना गर्ने, अस्पतालको क्षपता विस्तार गर्ने र सामाजिक स्वास्थ्य बीमा जस्ता कार्यक्रमले पक्कै पनि कोभिड - १९ विरुद्ध लड्न सहयोग गर्नेछ ।

Source: https://mof.gov.np/uploads/document/file/Budget%20Speech%20(Final)%20Full_20210530100738.pdf

# हल्ला र तथ्य

सरकारले कोभिडका बिरामीको उपचार नि:शुल्क भन्छ, अस्पतालले शुल्क नभरी उपचार गर्दैन । वास्तविकता के हो ?

सरकारले सबै सरकारी अस्पतालहरू र केही निजी (सूची तल दिइएको लिंकमा हेर्नुहोस्) अस्पतालहरूसँग सम्झौता गरी कोभिड - १९ का बिरामीको नि:शुल्क उपचार गर्ने व्यवस्था गरेको छ । त्यस्ता अस्पतालले कुनै बिरामी वा बिरामीका आफन्तले शुल्क तिरेर नै सेवा लिने भनी लिखित रुपमा मञ्जुरीनामा दिएमामात्र सम्बन्धित अस्पतालले शुल्क लिन पाउने छ । तर, आईसियुमा बसेका बिरामीको पीसीआर, रेम्डेसिभिर, प्लाज्मा थेरापी, सिटी स्क्यान र एन्टिबायोटिक्सहरू भने नि:शुल्क सेवामा समावेश हुँदैनन् ।

Source: https://mohp.gov.np/attachments/article/745/MoU_with_Hospitals_updated_List.pdf

वैदेशिक रोजगारीमा जाने व्यक्तिको हकमा गन्तव्य राष्ट्रमा खोप लगाएको हुन अनिवार्य गरेको र सो देशमा जान भिषा लागेको अवस्थामा नेपाल सरकारले खोप दिन्छ भन्ने हल्ला छ ।

त्यस्तो छैन । वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई श्रम स्वीकृती लिन र निषेधाज्ञामा एयरपोर्ट आउजाउ गर्न भने सहजिकरण गरेको छ । तर, खोप अनिवार्य गरिएका देशमा वैदेशिक रोजगारीमा जाने नेपालीलाई खोपको विशेष प्राथमिकतामा राखिएको छैन । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार, सरकारले बनाएको पूर्व निर्धारित मापदण्डको प्राथमिकता आधारमा मात्र खोप लगाउने व्यवस्था गरिएको छ ।

Source: https://cutt.ly/nnFOGB2

मलाई कोरोनाको संक्रमण भएर नेगेटिभ रिपोर्ट आएको पनि १० दिन भईसक्यो । तर, अहिले फेरी थकान र कमजोरी महसुस भईरहेको छ । कतै संक्रमणले फेरी समातेको त होइन ?

कोभिड - १९ को संक्रमणबाट मुक्त भईसकेपछि पनि अलिअलि जिउ दुख्नु वा थकान महसुस हुनु सामान्य हो । यसलाई पोष्ट कोभिडको समस्या भनिन्छ । यो हुनु भनेको पुन: संक्रमण बल्झिएको होइन र यति हुँदैमा अस्पताल गइहाल्नु पर्दैन । तर, श्वास फेर्न गाह्रो भएमा, धेरै कमजोरी महसुस भएमा, कालोढुसीका लक्षण देखिएमा वा डिप्रेसनका लक्षण देखिएमा भने चिकित्सकको सम्पर्कमा जानुपर्दछ ।

Source: https://cutt.ly/snFJFDg

# योजना र कार्यान्वयन

## लकडाउनमा स्वास्थ्यकर्मी द्वारा पारिश्रमिक, भत्ता र सुरक्षा माग गर्दै विरोध

COCAP

वास्तवमै के कुराले हामीलाई मृत्युको मुखमा पुऱ्याईरहेको छ ? भाईरसले ? वा **भ्रष्टाचार, अप्रभावकारी व्यवस्था** र **इमानदार नेतृत्वको कमीले** ?




**पहिलो देशव्यापी लकडाउन :** २०७६ चैत्र ११ देखी श्रावण ७ गते सम्म

**फेरी पनि केही जिल्लामा लकडाउन :** २०७७ श्रावण महिनाको मध्य देखी २०७७ असोज १ गते सम्म

**प्राय सबै जिल्लामा कुनै न कुनै प्रकारको निषेधाज्ञा :** २०७८ बैशाख १३ गते देखी हाल सम्म

*स्पष्टिकरण: यो तथ्यांक अनलाईन मिडिया, राष्ट्रिय दैनिकहरु, जिल्ला स्तरमा प्रकाशित हुने पत्रपत्रिकाहरु र नेपाल प्रहरीको वेवसाईटबाट संकलन गरी एकिकृत गरिएको हो । त्यसैले, यसले वास्तविक तथ्यांक भन्दा पनि तोकिएको समयमा सम्बन्धित घटनाको प्रवृत्तिलाई उजागर गर्दछ ।*

कोभिड - १९ महामारीको सुरुवाती अवस्थादेखी नै स्वास्थ्य सेवामा कार्यरत कर्मचारी पारिश्रमिक, भत्ता र सुरक्षाको माग गर्दै विरोधमा उत्रिदै आएकाछन् । माथिको चित्र हेर्ने हो भने पनि, सरकारले १४ मार्च, २०२० मै स्वास्थ्यकर्मीलाई प्रोत्साहन गर्ने भनेर योजना बनाएको देखिन्छ । तर, अहिलेसम्म पनि विरोधहरु रोकिएका छैनन् । तथ्यांक केलाउने हो भने पनि यस्ता विरोधका घटनाहरु लकडाउनको समयमा बढेको देखिन्छ । यद्यपी सरकारले स्वास्थ्यकर्मीका माग पुरा गर्न बेलाबेलामा निर्णयहरु गरिरहेको छ, तर पनि विरोधका घटना किन कम भईरहेका छैनन् ? के सरकारले गरेका निर्णयहरु विरोधकर्ताको माग पुरा गर्न प्रयाप्त छैनन् ? अथवा, १ वर्ष बितिसक्दा पनि निर्णय कार्यान्वयन भएका छैनन् ? यो सँगै स्वास्थ्यकर्मीमाथी भएका आक्रमण विरुद्ध पनि विरोधसभाहरु भएकाछन्, तर सरकारले यस विषयमा खासै ठोस निर्णय गरेको देखिदैन । यदि सरकारले स्वास्थ्यकर्मीलाई उचित सुरक्षाको प्रत्याभुती दिन नसक्ने हो भने, कसरी हाम्रो स्वास्थ्य संयन्त्रले प्रभावकारी रुपमा काम गर्न सक्ला ?

Source: https://nepalmonitor.org/

# श्रमिक साथी

Shramik Sanjal

## ओमनमा नेपाली दुतावासले घुम्ति शिविर सञ्चालन गर्ने

### यूएई:




• आबुधावीमा अब जोकोहीले पनि कोभिड बिरुद्धको खोप लगाउन पाउनेछन् । पहिले ईमिरेट्स आईडी भएकाहरुले मात्र खोप लगाउन पाउँथे । भिजिट भिषामा भएको अवस्थामा पनि कोरोना बिरुद्धको खोप लगाउन पाईनेछ । पासपोर्ट र म्याद सकिएको भिषा लिएरै जाँदा पनि यो सुबिधा उपलब्ध हुनसक्ने भएकोले आफ्नो नाम दर्ता गराउन सक्नुहुन्छ ।

• आबुधावीमा मल, सिनेमा हल जस्ता सार्वजानिक ठाउँमा जाँदा Al Hosn Mobile App मा Green स्टाटस देखीनु पर्नेछ । यस्तो नदेखिएको खण्डमा ति क्षेत्रहरुमा प्रवेश रोक लगाईने छ ।

• भर्खरै यूएईमा भएको सर्वेक्षण अनुसार कोभिड बिरुद्धको दुबै डोज खोप लगाईसकेका व्यक्तिहरुको मृत्युदर ०% देखीएको छ । यदी कोरोनाको संक्रमण भईहाले पनि जोखिम नभएको अनुसन्धानले देखाएको छ ।

### साउदी अरब:

अगष्ट १ देखी कोभिड विरुद्धको खोप नलगाएकाहरुलाई कुनै पनि सपिङ मलहरुमा प्रवेश निषेध गरिने छ । प्रवेश पाउनका लागि कम्तिमा पनि एक डोज खोप लगाएकै हुनुपर्ने छ ।




### ओमन:

नेपाली दूतावासले जुन २५ शुक्रबारका दिन दोफार प्रशासनिक क्षेत्रमा घुम्ति शिविर सञ्चालन गर्ने भएको छ । घुम्ति शिविरबाट राहदानी नविकरण, अधिकृत वारेसनामा लगायत श्रमिकसँग सम्बन्धी अत्यावश्यक कन्सुलर सेवाहरु प्रदान गरिने छ ।

www.facebook.com/shramik.sanjal बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ।

LIVE

# कथा किनाराको

## कोभिड हिरो डा.गगनराज चौधरी

दोधारा चादँनी नगरपालिका, भारतीय सिमानाकासँग जोडिएको नगरपालिका हो । यहाँका अधिकांस नागरिकहरु रोजगारीका लागि भारत जाने गर्दछन् । प्राय भारतीय रुपैयाँ नै चल्ने यस नगरपालिकामा नेपाल बन्द हुँदा समेत कहिल्यै बन्द हुँदैन । कोभीड - १९ को पहिलो लहरमा गरिएको लकडाउनले समेत खासै असर नगरेको यस क्षेत्रमा जब दोस्रो लहरमा संक्रमण र मृत्यूदर बढ्यो, तब यहाँका मानिसहरु आफै सजग भएर लकडाउनको पालना गर्नथाले । नगरपालिककै दोधारा चादँनी स्वास्थ्य केन्द्रमा कार्यरत छन्, डा. गगनराज चौधरी ।

कोभिडको पहिलो लहरको संक्रमण फैलिंदा प्राय सबैतिर स्रोतसाधन र जनशक्तिको अभाव थियो । यो क्षेत्रमा झनै कसैको ध्यान नजने भएकाले अरु ठाउँको भन्दा यहाँ समस्या धेरै थियो । रोजगारीका लागि बाहीर गएकाहरु धमाधम घर फर्कन थालेसँगै संक्रमण पनि फैलन थाल्यो । जनशक्तिको चरम अभाव भएको यस स्वास्थ्य केन्द्रमा दिननुदिन संक्रमित थपिँदै गए । बिरामी राख्ने बेड, औषधी लगायत स्वास्थ्यकर्मीका लागि आवश्यक पिपिई समेत थिएन । तर, डा. चौधरीले हार मानेनन् । उनले बिरामीको मनोवल उच्च राख्ने देखी आवश्यक औषधी र स्वास्थ्य सामग्रीहरुका लागि आफैले पटकपटक पहल गरे । उनी भन्छन्,

> **कोभिडको पहिलो लहर आउँदा हामीसँग पिपिइ अभाव हुँदा माथि रेनकोट र प्लाष्टिक सिलाएर पिपिई बनायौं र तल गमबुट लगाएर पनि बिरामीलाई सेवा दियौं ।**

अस्पताल नजिकै क्वाटर दिइएको थियो, तर त्यहाँ जान समेत समय थिएन ।" उनी चौविसै घण्टा बिरामीसँग स्वास्थ्य केन्द्रमै बस्ने गर्दथे । उनको खाने बस्ने ठेगाननै हुँदैनथ्यो ।



कोभिडको पहिलो लहरमा स्वास्थ्य केन्द्रमा आउने कसैले पनि ज्यान गुमाउनु परेन । दोस्रो लहरको संक्रमण केहीले ज्यान गुमाए पनि, अन्य क्षेत्र भन्दा यहाँको मृत्युदर कम छ । त्यसैले पनि अहिले अन्य जिल्ला र नगरपालिकाबाट समेत बिरामीहरु डा. चौधरीलाई खोज्दै यहाँ आउने गरेकाछन् । दिनको १० जना बिरामी समेत नआउने स्वास्थ्य केन्द्रमा अहिले डा. चौधरीले दैनिक १५० भन्दा बढी बिरामीलाई सेवा दिइरहेकाछन् । उनको कामको मुल्यांकन गर्दै, सुदूरपश्चिम प्रदेश सरकारले उनलाई कोभिड हिरोको रुपमा सम्मान समेत गरेको छ ।



# भोइसेस आउट लाउड - मेरो कुरा

गत कार्तिकमा मलाई पनि कोरोना संक्रमण भयो निमोनिया सहितका लक्षण देखिएकाले ७ दिन अस्पतालमै बसेर उपचार गर्नुपऱ्यो । अरुबेला बिरामीलाई उपचारको क्रममा ढाडस दिने गर्दथेँ, तर आफैलाई संक्रमण हुँदा भने सच्चो हुँदैन की भनेर डर लाग्यो । त्यतिखेर थाहा भयो, वास्तवमै यो रोग कतिको डरलाग्दो छ भनेर । मैले दुबै मात्रा खोप लगाएपछि भने केही सुरक्षित महसुस गरेको छुँ । यसबाट सुरक्षित हुने अन्तिम विकल्प भनेको नै खोप हो । सबैले खोप नलगाउँदा सम्म भने स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्न अतिनै जरुरी छ ।

## डा. बिनोद पराजुली

बरिष्ठ बालरोग विशेषज्ञ,
आम्दा अस्पताल, बुटवल





## हिम बहादुर खत्री

बडाध्यक्ष, वडा नं. १९,
बुटवल उप-महानगरपालिका

गएको फागुनमा कोरोना संक्रमणका कारण ६ दिन अस्पताल बस्नु पऱ्यो । कोरोना संक्रमण भएकाले कोभिशिल्ड खोप लगाउन पाइएन, तर अहिले भने भेरोसेलको पहिलो डोज लगाएको छुँ । कोरोना विरुद्धको खोप सर्वशुलभ नगराउने हो भने, फेरी अर्को लहर आउँदा समस्या हुन्छ । खोपमा दलिय र कर्मचारी भागबण्डा गर्नुहुँदैन । मापदण्ड अनुसार नै खोप दिनुपर्दछ । कोरानाको तेश्रो लहरको चेतावनी दिइएको छ, तर पूर्व तयारी सुस्त छ । जनप्रतिनिधि भएकाले बैठकमा सुझाव दिन्छु, तर सुनुवाई हुँदैन । त्यसैले अहिले त उप-महानगरपालिको बैठकमा समेत जान मन लाग्दैन ।

# FAIR FACTS

is a product of:

CIVIC ACTION TEAMS

**फेयर फ्याक्ट्स** महामारीको संकट समाधान तर्फको भरपर्दो साथी हो जसले सक्रिय नागरिक, जिम्मेवार नेतृत्व र जवाफदेही निकायलाई एक सुत्रमा जोड्दछ । साथसाथै, कोभिड - १९ सम्बन्धी गलत सूचना र हल्लाले निम्त्याउने समस्यालाई तथ्यमा आधारित जानकारीको माध्यमबाट समाधान गर्न प्रयास गर्दछ । कोरोनाले सृजित जटिल स्वास्थ्य संकट, जनजिविका र सामाजिक असुरक्षा जस्ता अतिनै संवेदनशिल विषयमा छिटो र विश्वसनिय सूचना संकलन गरी व्यवहारिक विश्लेषणको आधारमा समस्याको समाधान खोज्दछ ।

कोभिड - १९ फगत स्वास्थ्यसंग सम्बन्धित संकटमात्र होइन, यसले शासन प्रणालीको जवाफदेहिता नेतृत्वको निष्ठा र सामाजिक मुल्य मान्यतालाई पनि प्रभावित पार्दछ । Civic Action Team कोरोना भाईरसलाई परास्त गर्न नसुनिएका किनाराका कथा र आवाजहरुको शक्तिलाई निष्पक्ष, पारदर्शी र न्यायोचित प्रतिकार्यमा उपयोग गर्न कृयाशिल सकृय र सृजनशिल समुदायको साझा मञ्च हो ।



Brought to you by:

accountabilitylab communities

**DISCLAIMER**

*यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।*

**REACH OUT TO US ON**


@CivicActionTeams

@civacts

@CivActs

Civic Action Teams

/accountability_lab

Email: civactsnp@accountabilitylab.org

Phone: 9851203219